नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## एक हजार ६८ शव फेला चार हजार ६०६ सम्पर्कविहीन

**काठमाडौँ।**
रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते बुधबार बिहान आएको बाढीमा पेर मृत्यु भएकामध्ये एक हजार ६८ जनाको शव फेला परेको छ । बाढीमा परी अझै चार हजार ६०६ जना सम्पर्कविहीन रहेका नेपाल प्रहरीले जनाएको छ।
प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार आजसम्म फेला परेका शवमध्ये ३० बालक, ३५ बालिका, २३२ महिला, ३७१ पुरुष र ४०० जना आंशिक अङ्गसहितका रहेका छन्।
नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ४५३ जनालाई

बाँकी पृष्ठ ३ मा

वर्ष ४ | अंक २६७ | २०८३ साल भाद्र १७ गते बुधबार | Wednesday 02, September 2026 | सूर्योदय: बिहान ०५:४२ बजे | सूर्यास्त: साँझ ०६:२३ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## सास भेटिने आशा, लाससम्मको प्रतीक्षा:

# बाढीमा मधेशका १ सय ६२ बेपत्ता

*रसुवा बाढीले १ सय ६२ जना अझै बेपत्ता बनाउँदा सयौँ परिवार स्तब्ध छन्। कोही सुत्केरी पत्नी श्रीमान्को बाटो पर्खिरहेकी छन् त कोही वृद्ध आमाबाबु 'सास भेटियोस् कि लास' भन्दै टोलाइरहेका छन्। ६ दिन बितिसक्दा पनि आफ्ना मान्छे जीवितै फर्किएलान् भन्ने झिनो आशा र कम्तीमा अन्तिम संस्कारका लागि शवसम्म भेटियोस् भन्ने चित्कारले पीडित परिवारको आँगन शोकमग्न बनेको छ।*





**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएपछि त्यसको असर देशका विभिन्न जिल्लासम्म पुगेको छ । बाढीमा परी ठूलो संख्यामा मानिसको मृत्यु भएको छ भने कैयौँ घाइते भएका छन् । उद्धार गरिएका घाइतेको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।
बाढीपछि बेपत्ता भएकाहरूको खोजी जारी रहे पनि ६ दिन बितिसक्दा समेत धेरैको अवस्था पत्ता लाग्न सकेको छैन । आफन्तको सास वा लासमध्ये केहीको खबर आउने आशामा परिवारहरू दिनरात प्रतीक्षामा छन्।
मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार बाढीमा परी प्रदेशका विभिन्न जिल्लाबाट १ सय ९२ जना बेपत्ता भएको विवरण प्राप्त भएको थियो । तीमध्ये ३० जना परिवार तथा प्रहरीको सम्पर्कमा आइसकेका छन् भने अझै १ सय ६२ जनाको अवस्था अज्ञात छ । बेपत्ता हुनेमध्ये अधिकांश रसुवाका विभिन्न जलविद्युत् आयोजनामा कार्यरत रहेको प्रहरीले जनाएको छ । बाढीका कारण स्थानीयसँगै देशका विभिन्न जिल्लाबाट रोजगारीका लागि पुगेका नागरिक र विदेशी पर्यटकसमेत प्रभावित भएका छन्।
धनुषाको कमला नगरपालिका–६ का इन्जिनियर अजय सिंह पनि बाढीपछि बेपत्ता छन् । उनी रसुवास्थित डुसान हाइड्रोपावरको अपर त्रिशूली आयोजनाको क्याम्पमा कार्यरत थिए । एक्कासि आएको बाढीले क्याम्पमा क्षति पुऱ्याएपछि सिंह सम्पर्कविहीन भएका हुन्।
सिंहकी पत्नी पूजा साह श्रीमान् सकुशल फर्किने आशामा दिन बिताइरहेकी छन् । बाढी आउनुभन्दा अघिल्लो दिन परिवारसँग कुराकानी गरेका सिंह त्यसपछि सम्पर्कमा आएका छैनन् । पूजाले सामाजिक सञ्जालमार्फत श्रीमान्को खोजी तथा उद्धारलाई तीव्र बनाउन सम्बन्धित निकायसँग आग्रह गर्दै आएकी छन्।
सामाजिक सञ्जालमा उनले श्रीमानको अवस्थाबारे कुनै खबर नआउँदा आफू निकै चिन्तित बनेको उल्लेख गरेकी छन् । डुसान पावर हाउस क्याम्पमा रहेका व्यक्तिहरू नै सम्पर्कविहीन भएको खबरले आफ्नो चिन्ता थप बढेको उनको भनाइ छ । सुत्केरी अवस्थामा रहेकी पूजालाई आफन्त तथा छिमेकीले सान्त्वना दिइरहे पनि दिन बित्दै जाँदा उनको डर र पीडा झन् बढ्दै गएको छ।
नुवाकोट हाइड्रोपावरमा कार्यरत सन्तोष चौधरी पनि बाढीपछि बेपत्ता छन् । उनका आमाबुवाले छोराको खोजी तीव्र बनाउन आग्रह गरेका छन् । आमा बास्मती चौधरीले छोराको अवस्था थाहा नहुँदा सास वा लास केहीको पनि खबर नआउने हो कि भन्ने चिन्ताले सताएको बताएकी छन्।
प्रहरीको विवरणअनुसार पर्साबाट बेपत्ता भएका ४० जनामध्ये ज्ञानबहादुर थिङ र श्यामलाल मोक्तान परिवारको सम्पर्कमा आएका छन् । बाराबाट बेपत्ता २५ जनामध्ये सत्यप्रकाश राम र रुपेश गुप्ता सम्पर्कमा आएका छन्।
रौतहटबाट बेपत्ता १९ जनामध्ये ६ जना सम्पर्कमा आएका छन् । सर्लाहीबाट बेपत्ता १९ जनामध्ये बृजकिशोर दास, सुनिता दास र दिनेश थापा सम्पर्कमा आएका छन् भने १६ जना अझै बेपत्ता छन्।
महोत्तरीबाट बेपत्ता १७ जनामध्ये राकेशकुमार यादव, श्रीकेश यादव, सचिन यादव, युवराज पाण्डे, आदित्यकुमार यादव, विपिनकुमार मण्डल र विकास भारती सम्पर्कमा आएका छन् । जिल्लाका अन्य १० जनाको अवस्था भने अझै अज्ञात छ।
धनुषाबाट बेपत्ता १३ जनामध्ये लक्ष्मण महतो, दयावती यादव, विजय यादव, सुरेन्द्र पंजियार, रितिक झा, विक्रम ठाकुर र सुशान्त यादव सम्पर्कमा आएका छन् । अझै ६ जना बेपत्ता छन्।
सबैभन्दा धेरै सप्तरीबाट ४९ जना बेपत्ता भएको विवरण छ । तीमध्ये अजय मरिक मात्र परिवारको सम्पर्कमा आएका छन् भने ४८ जनाको अवस्था अझै पत्ता लाग्न सकेको छैन।
बाढीको झण्डै एक सातापछि पनि आफन्तको अवस्था अज्ञात रहँदा पीडित परिवारको पीडा थप गहिरिँदै गएको छ । उनीहरू आफ्ना आफन्त जीवितै भेटिने आशामा छन् । तर, यदि त्यस्तो सम्भव नभए कम्तीमा शवसम्म फेला पारेर अन्तिम संस्कार गर्न पाऊँ भन्ने उनीहरूको पीडादायी अपेक्षा छ।

## भोटेकोशी बाढी उद्धारमा अन्तर्राष्ट्रिय विज्ञ झिकाउन विपक्षी दलको सुझाव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवालगायत भदौ १० गतेको भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय सहयोग र विशेषज्ञको सहयोग लिन विपक्षी दलहरूले सरकारको ध्यानाकर्षण गराएका छन्।
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकमा सहभागी नेकपा एमाले, नेपाली कांग्रेसलगायत दलहरूले नेपालमा उपलब्ध जनशक्ति र प्रविधिले नभ्याउने जटिल उद्धार कार्यमा अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्न सुझाव दिएका हुन्।
बैठकपछि एमाले नेता प्रदीप ज्ञवालीले आवश्यक दक्षता र प्राविधिक क्षमता नभएका क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग लिएर विज्ञ परिचालन गर्नुपर्ने निष्कर्ष निकालिएको बताए । नेपालमा उपलब्ध स्रोतसाधनले सम्भव नहुने उद्धार कार्यमा सम्बन्धित प्रविधि र अनुभव भएका विशेषज्ञलाई तत्काल परिचालन गर्नुपर्ने उनको भनाइ छ।
बैठकमा स्थानीय तह, प्रदेश र संघीय सरकारबीचको समन्वयलाई थप प्रभावकारी बनाउनुपर्नेमा पनि जोड दिइएको थियो । विपद् व्यवस्थापनमा तीनै तहका सरकारबीच प्रभावकारी समन्वय हुन सके उद्धार, राहत र पुनःस्थापनाको काम छिटो अघि बढाउन सकिने विपक्षी दलहरूको धारणा छ।
राहत सामग्रीको व्यवस्थापन तथा वितरणमा देखिएको समस्याप्रति पनि बैठकले सरकारको ध्यानाकर्षण गराएको छ । कतिपय स्थानमा राहत सामग्री थुप्रिएर बसे पनि प्रभावित नागरिकले आवश्यक सामग्री नपाएको गुनासो आएको ज्ञवालीले बताए।
उनका अनुसार राहत सामग्री एकातिर थन्किएको र पीडित अर्कोतिर आवश्यक खाद्यान्न तथा लत्ताकपडाको अभावमा बस्नुपर्ने अवस्था अन्त्य गर्न वितरण प्रणालीलाई व्यवस्थित र छिटो बनाउन आवश्यक छ।
बैठकमा बाढीका कारण सुरुङ तथा भूमिगत संरचनामा फसेका व्यक्तिको खोजी र उद्धारबारे पनि छलफल भएको थियो । सुरुङ उद्धारमा आवश्यक प्रविधि र अनुभव भएका अन्तर्राष्ट्रिय विज्ञको सहयोग लिएर उद्धार कार्यलाई प्रभावकारी बनाउन सकिने विषय बैठकमा उठाइएको थियो।
विपक्षी दलहरूले नेपालमा उपलब्ध जनशक्ति, स्रोत र प्रविधिले नभ्याउने जटिल उद्धार कार्यमा विदेशी विशेषज्ञ तथा अत्याधुनिक प्रविधि प्रयोग गर्न सरकारले ढिलाइ गर्न नहुने बताएका छन्।
बैठकमा सहभागी दलहरूले विपद्को समयमा राजनीतिक पक्ष र विपक्षभन्दा माथि उठेर सरकारलाई सहयोग गर्न आफूहरू तयार रहेको बताएका थिए । सरकारलाई पनि प्रतिपक्षका सुझावलाई राजनीतिक आलोचनाका रूपमा नलिई आवश्यक सहयोग र समन्वयका रूपमा लिन उनीहरूले आग्रह गरेका छन्।
विपद्को समयमा उद्धार, राहत तथा पुनःस्थापनालाई प्रभावकारी बनाउन सरकार, राजनीतिक दल, सुरक्षा निकाय, स्थानीय तह र अन्तर्राष्ट्रिय समुदायबीच समन्वय आवश्यक रहेको बैठकको निष्कर्ष थियो।

## मधेश सरकारसँग सहमति भएपछि हरवा–चरवाको आन्दोलन स्थगित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश सरकारसँग माग सम्बोधन गर्ने सहमति भएपछि हरवा–चरवा संघर्ष समितिले धर्नासहितका आन्दोलनका सबै कार्यक्रम तत्कालका लागि स्थगित गरेको छ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा मंगलबार भएको वार्ता तथा छलफलपछि संघर्ष समितिले आन्दोलन रोक्ने निर्णय गरेको हो । मन्त्री श्यामप्रसाद पटेलको उपस्थितिमा भएको वार्तामा हरवा–चरवाको लगत संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण तथा पुनःस्थापनासम्बन्धी विषयमा छलफल भएको थियो।
वार्तामा हरवा–चरवासम्बन्धी कामलाई प्रभावकारी रूपमा अघि बढाउन कार्यविभाजन नियमावली परिमार्जन गर्ने सहमति भएको छ । मन्त्रालयले आवश्यक प्रक्रिया पूरा गरी नियमावली संशोधनको प्रस्ताव मधेश प्रदेश मन्त्रिपरिषद्मा पेश गर्ने निर्णय भएको जनाएको छ।
कार्यविभाजन नियमावली

बाँकी पृष्ठ ३ मा

## दोस्रो चरणको राहत पठाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकका लागि मधेश प्रदेश सरकारले मंगलबार दोस्रो चरणको राहत सामग्री पठाएको छ । सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले राहत सामग्री पठाउने निर्णय गरेको हो। गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोका अनुसार मंगलबार ७ हजार थान कम्बल र ७ सय थान अस्थायी आवासका लागि टेन्ट पठाइएको छ । यसअघि मधेश प्रदेश सरकारले पहिलो चरणमा ५५ लाख रुपैयाँ बराबरको राहत सहयोग पठाएको थियो।
बाढीका कारण विस्थापित परिवारको व्यवस्थापन तथा प्रभावित नागरिकलाई तत्काल आवश्यक राहत उपलब्ध गराउन प्रदेश सरकारले थप सहयोग र समन्वय गर्ने मन्त्री महतोले बताउनुभएको छ । राहतका लागि मधेश प्रदेशमा नेकपा संसदीय दलसँग आबद्ध प्रदेशसभा सदस्य, स्वकीय सचिव तथा कर्मचारीहरूले पनि १५ दिन बराबरको तलब सहयोग गर्ने भएका छन् । मधेश प्रदेश नेकपा संसदीय दलको कार्यालयले बाढीपीडितका लागि आफ्नो दलमा आबद्ध प्रदेशसभा सदस्य तथा सचिवालयमा कार्यरत कर्मचारीहरूको १५ दिनको तलब कट्टा गरी सहयोग रकम उपलब्ध गराउने निर्णय गरेको हो । संसदीय दलका नेता युवराज भट्टराईले प्रदेशसभाका सचिवलाई पत्र पठाउँदै सम्बन्धित सदस्य तथा कर्मचारीहरूको १५ दिनको तलब कट्टा गरी तोकिएको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउन आग्रह गरेका छन्।
यसैबीच बाराको महागढीमाई नगरपालिकाले भोटेकोशी बाढीबाट प्रभावितका लागि ४१ लाख ५१ हजार रुपैयाँ सहयोग प्रदान गर्ने निर्णय गरेको छ । नगर प्रमुख उपेन्द्रप्रसाद यादवका अनुसार नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि र विपद् व्यवस्थापन कोषबाट उक्त रकम भोटेकोशी बाढी प्रभावितको राहत, उद्धार तथा पुर्नस्थापनाका लागि प्रदान गर्ने निर्णय गरिएको हो।
त्यसैगरी वीरगंजस्थित सर्बोत्तम अस्पताल एन्ड रिसर्च सेन्टर प्रालिले १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेको छ । अस्पतालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी उक्त रकमको

बाँकी पृष्ठ ३ मा



सम्पादकीय

# नवजात शिशुका लागि अस्पताल कि असुरक्षित ठाउँ ?

वीरगंजस्थित नारायणी अस्पतालबाट हराएको नवजात शिशु १६ घण्टापछि सकुशल उद्धार हुनु र घटनामा संलग्न भनिएकी वीरगंज महानगरपालिका–१६, इनर्वाकी सबिना खातुन पक्राउ पर्नु राहतको विषय हो। तर यो राहतसँगै एउटा गम्भीर प्रश्न उठेको छः जन्मनेबित्तिकै आमाको काख र अस्पतालको संरक्षण पाउनुपर्ने शिशुले अस्पतालभित्रै असुरक्षा महसुस गर्नुपर्ने अवस्था किन आयो ? नवजात शिशु चोरी वा बेपत्ता हुनु सामान्य प्रशासनिक त्रुटि होइन; यो अस्पतालको सुरक्षा प्रणाली, निगरानी संयन्त्र र व्यवस्थापकीय जवाफदेहितामाथिको गम्भीर प्रश्न हो।

अस्पतालमा जन्मिएका प्रत्येक शिशुको पहिचान, अभिलेख, वार्ड प्रवेश र परिवारसँगको सम्पर्क व्यवस्थित रूपमा अभिलेखीकरण हुनुपर्छ। प्रसूति तथा नवजात शिशु वार्डमा अनधिकृत व्यक्तिको प्रवेश रोक्ने, आगन्तुकको परिचय जाँच गर्ने, सीसीटीभी निगरानी प्रभावकारी बनाउने र ड्युटीमा रहेका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको जिम्मेवारी स्पष्ट तोक्ने व्यवस्था अनिवार्य हुन्छ। तर यी आधारभूत मापदण्ड कागजमा सीमित भए वा कार्यान्वयनमा लापरवाही गरिए भने अस्पताल उपचारको केन्द्र नभई जोखिमको केन्द्र बन्न सक्छ।

यस घटनाले अस्पताल व्यवस्थापनको कमजोर समन्वय र उत्तरदायित्वहीनता पनि उजागर गरेको छ। सुरक्षा गार्ड राख्दैमा सुरक्षा सुनिश्चित हुँदैन; नियमित अनुगमन, आकस्मिक जाँच, ड्युटी हस्तान्तरणको स्पष्ट प्रक्रिया, शिशु र आमाको परिचय मिलान तथा घटनापछि तत्काल सक्रिय हुने आपत्कालीन संयन्त्र आवश्यक हुन्छ। अस्पताल प्रशासनले यस घटनालाई एक व्यक्तिको आपराधिक कृतिमा मात्र सीमित गरेर उम्कन खोज्नु हुँदैन। अपराधमा संलग्न व्यक्ति पक्राउ पर्नु कानुनी प्रक्रिया हो, तर अस्पतालभित्र त्यस्तो घटना हुन सक्ने वातावरण सिर्जना हुनु व्यवस्थापनको असफलता हो।

अब नारायणी अस्पतालले निष्पक्ष छानबिन गरी कमजोरी कहाँ भयो भन्ने सार्वजनिक गर्नुपर्छ। घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लापरवाही गर्ने कर्मचारी, सुरक्षाकर्मी वा व्यवस्थापकीय तहका जिम्मेवार व्यक्तिमाथि पनि आवश्यक कारबाही हुनुपर्छ। साथै, प्रसूति र नवजात शिशु वार्डमा प्रवेश–नियन्त्रण, सीसीटीभीको चौबीसै घण्टा निगरानी, शिशु पहिचान ट्याग, अभिभावकलाई परिचयपत्र र प्रशिक्षित सुरक्षा जनशक्तिको व्यवस्था तत्काल लागू गरिनुपर्छ। सुधारका नाममा केवल समिति गठन गरेर प्रतिवेदन थन्क्याउने प्रवृत्तिले जनविश्वास फर्काउँदैन।

नारायणी अस्पताल सार्वजनिक स्वास्थ्य सेवाको महत्वपूर्ण संस्था हो; त्यसैले यसको कमजोरीले सम्पूर्ण सरकारी स्वास्थ्य प्रणालीप्रतिको विश्वासमा चोट पुर्‍याउँछ। अस्पतालमा आउने परिवारहरू उपचारका लागि आफ्नो जीवन र सन्तानको सुरक्षा संस्थामाथि सुम्पन्छन्, त्यसको बदलामा उनीहरूले भय, अव्यवस्था र अनिश्चितता पाउनु हुँदैन। नवजात शिशु अस्पतालमा जन्मनेबित्तिकै सुरक्षित हुनुपर्छ—यो सुविधा होइन, उसको मौलिक अधिकार हो। त्यसैले यो घटना चेतावनी बनेर अस्पताल व्यवस्थापन, स्वास्थ्य मन्त्रालय र स्थानीय प्रशासनलाई तत्काल सुधार, कडा निगरानी र स्पष्ट जवाफदेहितातर्फ धकेल्नुपर्छ।

# भोटेकोशी बाढीपछि खोज उद्धार र राहत व्यवस्थापनमा कुनै कसर बाँकी राखेका छैनौँ’

*भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायतका जिल्लामा ठूलो क्षति पुर्‍याएको छ। अकल्पनीय रूपमा आएको उक्त बाढीले ठूलो जनधनको क्षति गरेपछि नेपालको विपद् पूर्वतयारी र पूर्वसूचना प्रणालीमाथि समेत प्रश्न उठेको छ। भोटेकोशीको यस घटनाले सीमापार पूर्वसूचना तथा सूचना आदानप्रदान प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने, साथै तत्काल खोज तथा उद्धार, राहत र दीर्घकालीन पुनःस्थापनाका लागि विद्यमान विपद् व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखाएको छ। प्रस्तुत छ, यसै विषयमा केन्द्रित रहेर राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीसँग राससकर्मी प्रगति ढकालले गरेको कुराकानीको अंश:*

**भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति गरेको छ। प्रारम्भिक अध्ययनले हिमपहिरो, चट्टान तथा गेग्रान खस्नु र त्यसबाट नदी थुनिएर बनेको अस्थायी बाँध फुट्दा बाढी आएको देखाएको छ। यो घटनामा जलवायु परिवर्तनको भूमिका कत्तिको छ र भोटेकोशी बाढीको वास्तविक कारण के देखिन्छ ?**

अहिलेसम्मका विभिन्न तथ्य–तथ्याङ्क हेर्दा हिमपहिरो गएको देखिन्छ। चट्टानसहितको हिमपहिरो, पहाडमा हिउँ जम्ने र त्यो हिउँ एकदमै कडा भएर बसेको हुन्छ। त्यसरी जमेको हिउँ कमजोर भएपछि तापक्रम बढ्दा, पानी पर्दा वा अन्य कुनै कारणले त्यो खस्न सक्छ। वातावरणीय परिवर्तन वा जलवायु परिवर्तनका कारण पनि त्यसमा केही परिवर्तन भएको हुन सक्छ। हिमपहिरो खसेसँगै त्यहाँ बन्न पुगेको बाँध फुटेपछि एकपछि अर्को घटना जोडिँदै गएको देखिन्छ। यसलाई हामीले एक प्रकारको अन्तरनिर्भर घटनाक्रमका रूपमा हेर्न सक्छौँ।

अर्को कुरा के छ भने अहिले एल निनो वर्ष पनि हो। एसियाका लागि एल निनो वर्ष भनेको औसतभन्दा बढी तापक्रम हुने वर्ष हो। अहिले धेरै ठाउँमा औसतभन्दा बढी तापक्रम छ। लामो समयको औसत अर्थात् ३० वर्ष वा त्यसभन्दा बढी अवधिको औसतसँग तुलना गर्दा यसवर्ष औसतभन्दा बढी तापक्रम हुने भनेर एसियाका विभिन्न मौसमसम्बन्धी निकायले यसअघि नै बताइसकेका थिए। त्यही अवस्थामा पाकिस्तानमा पनि यस्तै खालको हिमपहिरो गएको थियो। पाँच जना नेपाली पर्वतारोहीको त्यहाँ मृत्यु भयो। भारतका कतिपय ठाउँमा पनि यसै वर्ष हिमपहिरो गएको छ। नेपालमा पनि यसवर्ष उत्तरी क्षेत्रमा यस्तै घटना भयो। ताल फुट्यो र त्यसबाट ठूलो विपत्ति निम्तियो।

**अहिलेको क्षतिको प्रारम्भिक अनुमान कति छ ? कति मानिस प्रभावित भएका छन् ?**

हालसम्मको मानवीय क्षति ठूलो छ। करिब ९०० भन्दा बढी शव फेला परेको तथ्याङ्क छ। करिब ५० हजार जनसंख्या प्रभावित भएको देखिन्छ। करिब सातहजार ५०० घरधुरीलाई परिवारको औसत संख्याले गुणा गर्दा यो प्रारम्भिक अनुमान आएको हो। तर यो अन्तिम तथ्याङ्क होइन। अहिले प्राविधिक टोलीले विस्तृत मूल्याङ्कन गरिरहेको छ। उहाँहरूले कति घरमा क्षति भयो, भौतिक संरचनामा कति क्षति भयो, कृषि भूमि कति क्षति भयो भन्ने क्षेत्रगत क्षतिको विवरण निकाल्दै हुनुहुन्छ। सरकारी, गैरसरकारी र निजी क्षेत्रका संरचनामा भएको क्षतिको पनि छुट्टाछुट्टै मूल्याङ्कन भइरहेको छ। दुई–तीन दिनमा प्रारम्भिक रूपमा कति आर्थिक हानि–नोक्सानी भयो भन्ने अनुमान निकाल्ने योजना छ। त्यसले विपद्पछिको आवश्यकता मूल्याङ्कनको बाटो र दायरा पनि स्पष्ट गर्छ।

**अब खोज तथा उद्धारसँगै पुनःस्थापनाको काम पनि चुनौतीपूर्ण देखिन्छ। आफन्त, घर र सम्पत्ति गुमाएका मानिसहरूको मानसिक तथा शारीरिक अवस्थालाई हेर्दा यति ठूलो संख्यामा पुनःस्थापना कसरी सम्भव हुन्छ ? सरकारको योजना के छ ?**

पुनःस्थापनालाई अहिले हामीले तीनवटा तरिकाले हेरेका छौँ। खोज तथा उद्धारको काम सकिँदै जाँदा राहतको काम पनि सँगसँगै चलिरहेको छ। त्यसलगत्तै अस्थायी टहरा बनाउने, टेन्टमा राख्ने र शिविर व्यवस्थापन गर्ने काम सुरु भइसकेको छ। अबको तीन महिनासम्मका लागि पनि योजना बनाउनुपर्छ। त्यसपछि हिउँदको अवधि आउँछ। हिउँदमा जोखिम नहोस् भनेर चिसोमा प्रयोग गर्न मिल्ने टेन्टको व्यवस्था गर्नुपर्ने हुन्छ। बाहिरको चिसो भित्र नछिर्ने किसिमका टेन्ट दातृ निकायको सहयोगमा ल्याउने योजना बनाइरहेका छौँ। अब पुनःस्थापनाका लागि बस्ती कहाँ स्थानान्तरण गर्ने ? अहिलेको अस्थायी शिविर कहाँ बनाउने ? स्थायी रूपमा बसोबासका लागि सुरक्षित ठाउँ कहाँ हुन्छ ? भन्ने विषयमा धेरै काम गर्न बाँकी छ। त्यो क्षेत्र सबै प्रभावित भएको हुनाले त्यही ठाउँमा मात्रै बस्ती राख्नेभन्दा सुरक्षित ठाउँमा कसरी राख्ने भन्ने हेर्नुपर्छ। खोलामा थुप्रिएको गेग्रान कसरी हटाउने भन्ने पनि हेर्नुपर्छ।

भविष्यमा बाढी आउँदा बस्तीमा नपसोस् भनेर ठूलो तटबन्ध बनाउनुपर्ने अवस्था पनि आउन सक्छ। हिमालय क्षेत्रबाट आउने बाढीले यति ठूलो रूप लिन सक्छ भन्ने कुरा ध्यानमा राखेर संरचना निर्माण गर्नुपर्ने हुन्छ। अहिलेको बाढीले छोएको क्षेत्रलाई नदीको प्राकृतिक क्षेत्रका रूपमा हेरेर पनि योजना बनाउनुपर्ने हुन सक्छ। त्यससँगै पर्यटकीय गन्तव्यको मूल्यलाई पनि जोगाउनुपर्छ। त्यहाँको सांस्कृतिक सम्पदा र सांस्कृतिक महत्वलाई पनि जीवित राख्दै पुनर्निर्माणको योजना बनाउनुपर्ने भएकाले अन्य पुनर्निर्माणभन्दा यसलाई विशेष रूपमा हेर्नुपर्ने हुन्छ। यस विषयमा छलफल जारी छ। आजै कुनै कुरा अन्तिम भइसकेको छैन। आगामी दिनमा थप जानकारी दिनेछौँ।

**समयमै उद्धार हुन नसकेको र स्थानीय तहसँग सङ्घीय सरकारले अपेक्षित रूपमा समन्वय गर्न नसकेको गुनासो प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूले गरिरहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय कहाँ कमजोर भयो ? आगामी दिनमा यस्ता विपत्तिमा प्रभावकारी समन्वय र तत्काल उद्धार तथा राहत सुनिश्चित गर्न सरकारले के गर्नुपर्छ ?**

बाढी गएको दुई घण्टामै प्रधानमन्त्रीको अध्यक्षतामा विपद् परिषद्को बैठक बस्यौँ। बैठक बसेको एक घण्टाभित्र हामीले दुई करोड ५० लाख रुपैयाँ पठायौँ—रसुवामा एक करोड, नुवाकोटमा एक करोड र धादिङमा ५० लाख रुपैयाँ। त्यो रकम जिल्ला विपद् व्यवस्थापन समितिमार्फत गाउँपालिकासम्म जाने गरी पठाइएको हो। त्यसले तत्काल काम सञ्चालन गर्न सहयोग गर्छ भन्ने उद्देश्य थियो। रकम गएपछि गाउँपालिकाले आफैँ सामग्री खरिद गरेर वितरण गर्न सक्छ र त्यसको शोधभर्ना जिल्ला विपद् व्यवस्थापन समितिमार्फत प्राधिकरणसम्म आउने व्यवस्था छ।

विपद् ऐन, २०७४ ले सबैको भूमिका स्पष्ट गरेको छ। नेपालको संविधानले पनि स्थानीय सरकारको भूमिकालाई स्पष्ट रूपमा व्याख्या गरेको छ। त्यसैले सहजीकरण र समन्वयमा सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारसँग तथा स्थानीय सरकारले पनि आवश्यकतानुसार सङ्घीय सरकारसँग समन्वय गर्नुपर्छ। तीनै तहको भूमिका संविधान र कानुनले स्पष्ट गरेको छ। त्यसैले कसले कससँग समन्वय गर्‍यो वा गरेनभन्दा पनि विपत्तिको समयमा कसरी समन्वय गरेर अगाडि बढ्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ। कति सक्रिय र अग्रसर हुने भन्ने कुरा महत्वपूर्ण हुन्छ। त्यही दिन राति गृहमन्त्रीको नेतृत्वमा विमानस्थलबाट आठ ट्रक राहत सामग्री नुवाकोट पठायौँ। हवाई उद्धार रातिमा सम्भव नहुने भएकाले त्यही दिन राति नै सामग्री पठाएका हौँ।

त्यसपछि वितरणको प्रक्रिया पनि सुरु भयो। अहिले रसुवासम्म, धुन्चेसम्म सडक खुलिसकेको छ र वैकल्पिक बाटो पनि खुलेको छ। त्यहाँबाट पनि राहत सामग्री पठाइरहेका छौँ। हेलिकोप्टरहरू पनि व्यवस्थापनका लागि परिचालन भइरहेका छन्। जहाँ पहाडी क्षेत्रमा राहत सामग्री पुग्न कठिन भएको छ, त्यहाँ सेनाले खाद्य सामग्री पठाएको छ। स्थानीय सरकारले पनि धेरै ठाउँमा खाना खुवाइरहेको जानकारी आएको छ। अन्तर्राष्ट्रिय सङ्घसंस्था र गैरसरकारी संस्थाले पनि विभिन्न ठाउँमा खाना खुवाउने, शिविर व्यवस्थापनमा सहयोग गर्ने र स्वास्थ्य सेवामा सहयोग गर्ने काम गरिरहेका छन्।

यति ठूलो विपत्तिमा सुरुमा केही अन्योल हुनु स्वाभाविक हो तर हामीले चौबीसै घण्टा काम गरिरहेका छौँ। छ दिनदेखि लगातार काम भइरहेको छ। कर्मचारीहरू राति करिब १२ बजे घर जाने र बिहान ६ बजे नै कार्यालय आइपुग्ने अवस्था छ। यही स्तरमा सबै तहले काम गर्ने हो भने हामी यो विपत्तिबाट पार पाउन सक्छौँ। अहिले कसले समन्वय गर्‍यो वा गरेन भन्दा पनि कसरी समन्वय गर्ने भन्ने विषयमा समाधानमुखी भएर अघि बढ्नु नै विपद् व्यवस्थापनको सही सिद्धान्त हो।

**पूर्वतयारी र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सकेको भए यसबाट भएको मानवीय क्षति केही हदसम्म कम गर्न सकिन्थ्यो कि ? विपद् व्यवस्थापनमा हाम्रो तयारी र पूर्वसूचना प्रणाली कहाँ चुकेको हो ?**

हामीसँग पूर्वसूचनाका लागि आवश्यक अग्रिम समय अर्थात् पूर्वसूचना दिएर मानिसलाई सुरक्षित ठाउँमा जान सक्ने समय हुनुपर्ने हो। तर माथिल्लोतटीय क्षेत्रमा, हाम्रो उत्तरी सीमामा रहेको भन्सार कार्यालयलगायत त्यहाँका संरचनाबाट मानिसलाई सुरक्षित ठाउँमा जान पर्याप्त समय मिलेन। एकैचोटी ठूलो बाढी आयो। त्यस क्रममा नेपालतर्फ रहेको बाढी मापन केन्द्र पनि बगायो। केन्द्र बगेपछि बाढीको पानी कति ठूलो थियो भन्ने मापन गर्न सकिएन तर जिल्ला प्रशासनबाट आएको सूचनाका आधारमा हामीले पाँच मिनेटभित्रै एसएमएस सूचना जारी गर्‍यौँ।

रसुवाको उत्तरी क्षेत्रदेखि चितवनसम्म चारवटा क्षेत्रमा विभाजन गरेर–माथिल्लोतटीय, मध्यतटीय, तल्लोतटीय र धेरै तल्लो तटीय क्षेत्र–एसएमएस सूचना जारी गर्‍यौँ। सबैलाई सुरक्षित रहन, सुरक्षित ठाउँमा जान र ठूलो बाढी आएको जानकारी दियौँ। त्यसले पनि मानिसको ज्यान जोगाउन महत्वपूर्ण भूमिका खेल्यो। महाप्रलयजस्तो बाढी आउँदैछ भनेर हामीले स्पष्ट रूपमा भन्न सक्ने अवस्था किन भएन भने हाम्रो बाढी मापन केन्द्र नै बगेको थियो। केन्द्र बगेपछि बाढीको आकार कति ठूलो छ भन्ने थाहा पाउन सकिएन। त्यसकारण कतिपय मानिसले ‘बाढी त सधैँ आउँछ, प्रत्येक वर्ष आउँछ, यस वर्ष पनि बाढी आयो’ भन्ने रूपमा लिए। त्यसैले कतिपयले घर छाडेर सुरक्षित ठाउँमा जाने अवस्था पनि बनेन। यसले ठूलो विपत्ति निम्त्यायो।

जलवायु परिवर्तनको प्रभावलाई पनि राखेर हेर्दा यो जोखिम अहिले भोटेकोसी र रसुवामा आएको जोखिममा मात्र सीमित छैन। नेपालका तीन–चारवटा ठूला जलाधार अर्को देशसँग जोडिएका छन्। अर्को देशसँग जोडिएको जलाधारको माथिल्लो क्षेत्रमा के भइरहेको छ भन्ने जानकारी हामीले पाएनौँ भने त्यहाँ हुने गतिविधिको असर तल्लोतटीय क्षेत्रमा पर्न सक्छ। त्यो गतिविधि जलवायु परिवर्तनसँग सम्बन्धित होस् वा हिमाल अर्थात् हिममण्डलीय पारिस्थितिक प्रणालीमा आएको परिवर्तन होस्, त्यसको जानकारी नपाएसम्म तल्लोतटीय क्षेत्रमा हामीले समयमै थाहा पाउन सक्दैनौँ।

**नेपाल र चीनबीच विपद्सम्बन्धी पूर्वसूचना तथा तथ्याङ्क आदानप्रदानमा समन्वयको कमी देखिएको हो ? आगामी दिनमा सीमापार विपद्को जोखिम न्यूनीकरणका लागि दुई देशबीच –कस्तो पूर्वसूचना र सूचना आदानप्रदान संयन्त्र आवश्यक देख्नुहुन्छ ?**

हामीले पहिलेदेखि नै भन्दै आएको सीमापार पूर्वसूचना प्रणाली, दुई देशबीचको पूर्वसूचना प्रणाली वा बहुदेशीय पूर्वसूचना प्रणाली आवश्यक छ। अहिले समग्र विपद् सूचना सम्प्रेषण र आदानप्रदानमा कमजोरी देखिएको हो। चीनले पनि थाहा पायो कि पाएन भन्ने कुरा अहिले स्पष्ट छैन। सायद उसलाई पनि थाहा नहुन सक्छ। त्यहाँ पनि त्यस्तो प्रणाली नभएको हुन सक्छ। त्यसैले चीनबाट सूचना आयो वा आएन भन्नेभन्दा पनि आगामी दिनमा त्यस्तो प्रणाली बनाउनुपर्ने रहेछ भन्ने कुरा महत्वपूर्ण हो। माथिल्लोतटीय क्षेत्रमा के भइरहेको छ भन्ने जानकारी देशको सीमा नहेरी प्रवाह गर्न सक्ने हो भने यसले मानिसको ज्यान जोगाउन ठूलो भूमिका खेल्न सक्छ। त्यसैले पूर्वसूचना प्रणाली सबैका लागि आवश्यक छ। हिममण्डलीय पारिस्थितिक प्रणालीमा कस्तो परिवर्तन आएको छ भन्ने जान्न जरुरी छ। त्यसलाई समग्रमा हामी विपद् जोखिमको ज्ञान भन्छौँ।

पूर्वसूचना प्रणालीका चारवटा मुख्य आधारमध्ये पहिलो आधार भनेको विपद् जोखिमको ज्ञान हो। कुनै निश्चित ठाउँमा कस्तो खालको विपद् जोखिम छ र कतिबेला त्यसले विपत्तिको रूप लिनसक्छ भन्ने जानकारी हामीसँग हुनुपर्छ। दोस्रो भनेको त्यसको निगरानी हो। निगरानीका लागि मौसम मापन तथा जलविज्ञान प्रणालीको निगरानी गर्ने मौसमसम्बन्धी र जलसम्बन्धी निकाय हुन्छन्। नेपालमा पनि त्यस्ता निकाय छन्। उहाँहरूले निगरानी गर्ने र कतिबेला जोखिम बढ्छ, कतिबेला त्यसले क्षति गर्न सक्छ भन्ने जानकारी दिने हो। त्यसपछि सूचना प्रवाह र सञ्चारको कुरा आउँछ। सूचना आइसकेपछि त्यसलाई कसरी प्रवाह गर्ने ? तल्लोतटीय क्षेत्रमा कसरी पुर्‍याउने ? भोटेकोशीकै जलाधारको कुरा गर्दा पनि यो पाँचवटा जिल्लासम्म जोडिएको रहेछ। ती पाँचवटा जिल्लामा कसरी सूचना पुर्‍याउने र स्थानीय अवस्थाअनुसार कसरी सूचना दिने भन्ने कुरा महत्वपूर्ण हुन्छ।

**बाढीपछि अहिले अर्को चुनौती जनस्वास्थ्यको देखिएको छ। कतिपय शव लामो समयसम्म पहिचान तथा व्यवस्थापन हुन नसक्दा कुहिने अवस्था छ। यसबाट पानी तथा वातावरण प्रदूषित हुनुका साथै सङ्क्रामक रोग फैलिने जोखिम पनि हुन सक्छ। यस्तो अवस्थामा प्रभावित क्षेत्रमा जनस्वास्थ्यको जोखिम न्यूनीकरण गर्न सरकारको तयारी र व्यवस्थापन के छ ?**

त्यसमा काम भइरहेको छ। स्वास्थ्यको विषयमा स्वास्थ्य टोलीले काम गरिरहेको छ। सरसफाइका लागि आवश्यक औषधि छर्किने कामदेखि शव व्यवस्थापनसम्मका कार्य भइरहेका छन्। स्वास्थ्य मन्त्रालयले यसको नेतृत्व गरिरहेको छ। स्वास्थ्य मन्त्रालय त्यसमा काम गरिरहेको छ। खाद्य तथा अन्य वातावरणीय विषयमा सम्बन्धित मन्त्रालयहरूले काम गरिरहेका छन्। सडक खोल्ने काममा पूर्वाधार मन्त्रालयले काम गरिरहेको छ। यसरी सबै मन्त्रालयले आ–आफ्नो क्षेत्रबाट काम गरिरहेका छन्।

**भोटेकोशी बाढीले सिकाएको मुख्य पाठ के हो ?**

अहिले भोटेकोशीमा भएको घटना महाकालीमा पनि हुन सक्छ, कर्णालीमा पनि हुन सक्छ र कोसीमा पनि हुन सक्छ भन्ने यस घटनाले देखाएको छ। त्यसैले आगामी दिनमा यस्ता महाविपत्ति नहोस् भनेर हामीले सूचनाको अहिलेको अवस्थाबाट ठूलो फड्को मार्नुपर्ने र अझ उन्नत बनाउनुपर्ने आवश्यकता छ। सञ्चारको पक्षलाई पनि बलियो बनाउनुपर्छ। वास्तविक समयमा कस्तो परिवर्तन भइरहेको छ भन्ने थाहा पाउने प्रणाली बलियो बनाउन आवश्यक छ। त्यसका लागि संस्थागत विकास, प्रदेश सरकारको भूमिका, स्थानीय सरकारको भूमिका, वडा तहका विपद् व्यवस्थापन समितिको भूमिका र केन्द्रमा मौसमसम्बन्धी निकाय, जलसम्बन्धी निकाय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिका महत्वपूर्ण हुन्छ।

त्यससँगै समुदायले पनि सूचना बुझ्नुपर्छ। बाढी आयो भने समुदायले ‘बाढी त सधैँ आउँछ’ भन्ने हुनसक्छ। तसर्थ बाढी आयो भन्ने मात्रै होइन, ‘महाविपत्तिको बाढी आउँदैछ’ भनेर बुझ्नुपर्ने अवस्था हुनसक्छ भन्ने यस घटनाले सिकाएको छ। कस्तो बाढी आउँदैछ ? कुन स्तरको बाढी आउँदैछ ? त्यसले कस्तो प्रभाव पार्न सक्छ ? भन्ने जानकारी दिन जरुरी छ। त्यसैले आजैदेखि यसमा काम गर्नुपर्छ। हाम्रो केन्द्र बग्यो भन्दैमा हामी चुप लागेर बस्दैनौँ। हेलिकोप्टरबाट भोटेकोशीको माथिल्लो क्षेत्रमा एउटा बाढी मापन केन्द्र राख्दैछौँ। सम्भवतः आज साँझसम्म त्यो राखिसक्छौँ र आजदेखि त्यसले तथ्याङ्क दिन थाल्छ। त्यो तथ्याङ्क आएपछि कसैले ‘यहाँ ठूलो आवाज आयो, बाढी आयो’ भनेर भन्नुपर्ने छैन। हाम्रो प्रणालीले नै सूचना दिन्छ। प्रणालीले सूचना दिएपछि हामीले बाढीको वास्तविक स्तर थाहा पाउन सक्छौँ।

काठमाडौँस्थित जल तथा मौसम विज्ञान विभागको प्रणालीमा पनि त्यो देखिन्छ। त्यसपछि एसएमएस सूचनामा जनतालाई कस्तो सन्देश दिने भन्ने पनि स्पष्ट हुन्छ। डेढ घण्टा, दुई घण्टा, चितवन पुग्न तीन घण्टासम्मको समय पाउन सकिन्छ। तीन घण्टा भनेको मानिसको ज्यान जोगाउन ठूलो समय हो। त्यसैले माथिल्लोतटीय क्षेत्रमा कतिबेला ठूलो विपत्ति भयो र त्यो तल्लोतटीय क्षेत्रमा कतिबेला पुग्छ भन्ने हिसाब ठाउँअनुसार गर्न सकिन्छ। जसरी बस छुटेपछि ‘यतिबेला यहाँ पुग्छ, यतिबेला त्यहाँ पुग्छ’ भनिन्छ, त्यसरी नै बाढी पनि यहाँबाट सुरु भयो भने यतिबेला यहाँ पुग्छ भनेर जानकारी दिन सकिन्छ।

त्यसअनुसार मानिसले समयमै सुरक्षित ठाउँमा जानुपर्छ। कतिपय अवस्थामा मानिस आफैँ नजाने अवस्था हुन सक्छ, त्यसैले बलपूर्वक सुरक्षित ठाउँमा लैजानुपर्ने अवस्था पनि आउन सक्छ। यस्तो अवस्थामा राज्यले बल प्रयोग गरेर पनि उद्धार गर्नुपर्ने हुन सक्छ। यस घटनाले आगामी दिनमा यस्तो महाविपत्ति आउँदा राज्यले के–के गर्ने भन्नेबारे पनि पाठ सिकाएको छ। त्यसबाट सिक्दै आगामी दिनमा थप काम गर्नुपर्ने देखिन्छ।

**अहिले भएको ठूलो जनधनको क्षतिपछि खोज तथा उद्धारसँगै प्रभावितलाई राहत र पुनःस्थापनाको काम पनि चुनौतीपूर्ण बनेको छ। यसलाई अझ प्रभावकारी बनाउन सरकारले तत्काल र आगामी दिनमा के–के काम गर्ने नीति लिएको छ ?**

अहिले दुई–तीनवटा पक्षमा काम भइरहेको छ। पहिलो, खोज तथा उद्धारको काम तीव्र गतिमा भइरहेको छ। पहिलो दुई दिन भूगोल निकै अप्ठ्यारो थियो। मौसमले पनि साथ दिएन। हेलिकोप्टर उडायौँ, फर्केर आयो, नुवाकोटसम्म मात्रै पुग्यो। रसुवा पुग्न केही समय लाग्यो। त्यहाँ धार्मिक पर्यटक तथा अन्य पर्यटक पनि भएको र खोलाको किनारमा बस्तीहरू पनि रहेकाले ठूलो मानवीय क्षति व्यहोर्नुपर्‍यो। अहिले हाम्रो मुख्य ध्यान खोज तथा उद्धारमा थियो। अब राहत वितरणको काम भइरहेको छ। हामीले २१ वटा विभिन्न शिविर बनाएका छौँ। ती शिविरमा ठूलो संख्यामा मानिस बसिरहनुभएको छ। उहाँहरूका लागि खाद्यान्न, स्वास्थ्य सेवा र विद्युत् आपूर्तिको व्यवस्था गरिरहेका छौँ। अहिले पोर्टेबल जेनेरेटर पठाउने काम पनि निरन्तर भइरहेको छ। चार्जिङ स्टेसनहरू बनाएर पठाइरहेका छौँ। विभिन्न देशबाट आउने सहयोग सामग्रीमध्ये अहिले तत्काल आवश्यक पर्ने सामानको सूची पनि बनाएर पठाइरहेका छौँ।

दुबई सरकारले हिजो हामीसँग १० मिलियन अमेरिकी डलर बराबरको सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। त्यसमा पनि हामीलाई अहिले आवश्यक पर्ने सामग्रीबारे छलफल गरेर एउटा सूची परराष्ट्र मन्त्रालयमा पठाएका छौँ। त्यो सहयोग पनि आउँदैछ। समग्रमा अहिलेको महाविपत्तिलाई कसरी सम्बोधन गर्ने भन्नेमा काम भइरहेको छ। यसबाट प्रभावित मानिसमा ठूलो पीडा छ। प्रभावितलाई मात्र होइन, आम नेपालीलाई पनि यसको पीडा परेको छ। भारत र चीनलगायत धेरै देशका नागरिक पनि प्रभावित भएका छन्। कतिपयको मृत्यु भएको छ, कतिपयको शव प्राप्त भएको छ भने कतिपयको खोजी भइरहेको छ।

अबका दिनमा पनि दिनरात नभनी काम गर्नुपर्ने अवस्था छ। अहिले छवटा जलविद्युत् आयोजनाका सुरुङमा मानिस थुनिएको भनिएको छ। त्यसका लागि भारतबाट एउटा विशेषज्ञ टोली आएको छ र त्यसलाई हेलिकोप्टरबाट तुरुन्तै त्यहाँ पठाएका छौँ। मानवताका लागि राज्यले गर्नुपर्ने काममा कुनै कसर बाँकी नराखी आफ्नो शक्ति र क्षमताले भ्याएसम्म काम गरिरहेका छौँ। प्रदेश सरकारसँग पनि समन्वय भइरहेको छ। हिजो बागमती प्रदेशका मुख्यमन्त्रीलाई बोलाएर छलफल गर्‍यौँ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्रदेशको भूमिका स्पष्ट रूपमा तोकेको छ। प्रदेशले कोष स्थापना गर्ने, राहत तथा उद्धारमा काम गर्ने र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्ने कुरा ऐनले स्पष्ट गरेको छ। त्यसैले प्रदेशले आफ्नो क्षेत्रमा कसरी काम गर्ने भन्ने विषयमा पनि छलफल गर्‍यौँ।

मुख्यमन्त्रीज्यूले सङ्घीय सरकारले जसरी राहत सामग्री तलसम्म पुर्‍याएको छ, अब त्यसको वितरण र स्थानीय व्यवस्थापनको जिम्मा प्रदेशले पनि आफ्नो भूमिकाअनुसार लिने प्रतिबद्धता जनाउनुभएको छ। स्थानीय सरकारसँग पनि त्यहीअनुसार समन्वय भइरहेको छ। कतिपय ठाउँमा स्थानीय सरकारले पहिलो दिनदेखि नै काम गरिसकेको अवस्था छ। स्थानीय सरकारसँगको समन्वयमा राहत सामग्री पुर्‍याउने काम पनि भइरहेको छ। समग्रमा सङ्घीय सरकारले अन्तर्राष्ट्रिय समन्वय गर्ने, अन्तर्राष्ट्रिय राहत तथा उद्धार सामग्री ल्याउने र अन्तर्राष्ट्रिय विज्ञहरू ल्याउने काम गर्छ। त्यसलाई कार्यान्वयनको तहमा विपद् ऐन, २०७४ ले दिएको जिम्मेवारीअनुसार प्रदेश र स्थानीय सरकारले काम गरिरहेका छन्।

**नेपालले लामो समयदेखि जलवायुजन्य हानि–नोक्सानी र जलवायु न्यायका विषयमा आवाज उठाउँदै आउनुभएको छ। भोटेकोशी बाढीपछि पुनःस्थापना र पुनर्निर्माणका लागि ठूलो स्रोत आवश्यक पर्ने देखिएको छ। यस्तो अवस्थामा नेपालले थप ऋणको भार नबोकी अनुदानमा आधारित जलवायु वित्त तथा हानि–नोक्सानीसम्बन्धी अन्तर्राष्ट्रिय कोषबाट पर्याप्त सहयोग ल्याउन अब के–कस्तो पहल गर्नुपर्छ ?**

हामीले धेरैजसो अनुदानलाई नै प्राथमिकता दिने र अनुदान नै लिने हिसाबले काम गरिरहेका छौँ। अहिलेको हानि–नोक्सानीका लागि अन्तर्राष्ट्रिय कोषबाट पनि नेपाललाई सहयोग आउने प्रतिबद्धता भएको छ। त्यसका लागि हाम्रो काम भइरहेको छ र प्रस्ताव पनि पठाएका छौँ। धेरै दातृ निकायले पनि सहयोग गर्ने प्रतिबद्धता जनाइरहेका छन्। सबै सहयोग अनुदानका रूपमा प्राप्त गर्ने गरी हामीले काम गरिरहेका छौँ। केही समयपछि नेपाल सरकारले दातृ समुदायसँग कसरी छलफल गर्ने भन्ने योजना पनि बनाउँदैछ।

विद्युत् र सञ्चार सेवा धेरै ठाउँमा पुनःस्थापित भइसके पनि बाढीका कारण सडक र पुलमा ठूलो क्षति हुँदा अझै धेरै ठाउँ सडक सञ्जालबाट विच्छेद भएका छन्। प्रभावित क्षेत्रलाई सडक सञ्जालमा जोड्न सरकारको तत्कालीन योजना के छ ?

नेपाली सेनासँग भएका बेलीब्रिजहरू पनि तुरुन्तै त्यहाँ लगाएर जडान गर्ने विषयमा हामीले छलफल सुरु गरेका छौँ। दुबई सरकारले पनि बेलीब्रिज सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। भारत सरकारबाट पनि त्यस्तै प्रतिबद्धता आएको छ। त्यसैले अस्थायी पुलका रूपमा बेलीब्रिजहरू तुरुन्तै जडान गर्ने योजना छ। अबको केही दिनमै त्यसको परिवर्तन तपाईंहरूले देख्न सक्नुहुनेछ।



डा. धर्मराज उप्रेती,
कार्यकारी प्रमुख,
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# काठमाडौँ र हेटौँडा जान नयाँ 'रुट' निर्धारण

**काठमाडौँ।**
भोटेकोशी नदीमा यही भदौ १० गते बाढी गएपछि पृथ्वीराजमार्गलगायतका सडक अवरुद्ध भए पनि प्रहरी प्रधान कार्यालयले मकवानपुर जिल्लाको हेटौँडादेखि सङ्घीय राजधानी काठमाडौँमा चल्ने सवारीसाधनको नयाँ रुट मंगलबारदेखि निर्धारण गरेको छ। दश चक्कासम्मका सम्पूर्ण मालबाहक तथा ठूला यात्रुबाहक सवारीसाधन त्रिभुवन राजपथ हुँदै काठमाडौँतर्फ जाने रुट व्यवस्थापन गरेको छ । दश चक्कासम्मका सवारीसाधन काठमाडौँबाट मकवानपुर फर्किंदा भने कान्ति राजमार्ग हुँदै फर्किने व्यवस्था गरेको छ। प्रहरी प्रधान कार्यालयले मौसम र बाटोलगायत यात्रुहरुको सुरक्षालाई समेत मध्यनजर गर्दै कान्ति राजमार्ग हुँदै हेटौँडातर्फ आउने यात्रुवाहक सवारीसाधन अनिवार्य रुपमा साँझ ६ बजेभित्रमा मकवानपुर जिल्लाको इलाका प्रहरी कार्यालय ठिङ्गन चेकपोष्ट पार गरिसक्नुपर्ने व्यवस्था गरेको बताइएको छ। प्रहरी प्रधान कार्यालयले १४ सिटभन्दा कम क्षमता भएका साना यात्रुवाहक सवारीसाधन काठमाडौँबाट हेटौँडातर्फ आउँदा फर्पिङ–फाखेल–कुलेखानी हुँदै भीमफेदीतर्फ आउने रुट निर्धारण गरेको छ । त्यसैगरी, काठमाडौँतर्फ जाँदा भने भीमफेदी–कुलेखानी –सिस्नेरी–दक्षिणकाली हुँदै जाने रुट तय गरेको छ। मकवानपुरको त्रिखण्डी नजिकै रहेको बेलिब्रिजको भारवहन क्षमता कमजोर रहेको हुँदा इन्धन तथा भारी मालबाहक सवारीसाधनले उक्त बेलिब्रिज प्रयोग नगरीसँगै रहेको डाईभर्सन हुँदै जाने व्यवस्था गरेको छ । प्रहरी प्रधान कार्यालयले विपद्जन्य समय भएकाले अत्यावश्यक अवस्थामा मात्र यात्रा गर्ने, कुनै पनि राजमार्गमा सवारी चालकहरुले धैर्य एवं अनुशासनपूर्वक आफ्नो पालोमा मात्र सवारी सञ्चालन गर्ने, ओभरटेक नगर्ने तथा ट्राफिक व्यवस्थापन खटिएका सुरक्षाकर्मी ट्राफिक प्रहरीको निर्देशन पूर्ण रुपमा पालना गर्नका लागि सबैसँग अनुरोध गरेको छ । त्यसैबीच, भोटेकोशी बाढीका साथै अविरल वर्षाका कारण पहिरो खस्दा देशका विभिन्न राजमार्ग अवरुद्ध भएका छन्। प्रहरी प्रधान कार्यालयका अनुसार पृथ्वीराजमार्गअन्तर्गत बेनिघाट रोराङ गाउँपालिका–७ कृष्णभिरस्थित त्रिशूली नदीले कटान गर्दा सडक भासिन गई मानिससमेत आवतजावत गर्न नसक्ने गरी पूर्ण रुपमा अवरुद्ध भएको छ । त्यसैगरी धादिङको गजुरी गाउँपलिका–२ स्थित परेवाभिरमा पनि बाढीको कारण सडकको तल्लो भाग भासिएको कारणले पूर्ण रुपमा अवरुद्ध भएको छ। रासस

# दोस्रो चरणको राहत...

चेक पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्त (बुद्धि) लाई हस्तान्तरण गरेको हो। अस्पताल परिसरमा आयोजित कार्यक्रममा प्रशासन प्रमुख सञ्जिवकुमार गुप्तासहित चिकित्सक, कर्मचारी तथा अन्य प्रतिनिधिको उपस्थितिमा सांसद पन्तलाई चेक हस्तान्तरण गरिएको थियो।
यसैबीच आम जनता पार्टी मधेश प्रदेशका अध्यक्ष उमेश कुशवाहा, युवा नेता बिकेश साहलगायत युवाहरूको टोली राहत सामग्रीसहित बाढी प्रभावित क्षेत्रमा प्रस्थान गरेको छ । बाढीबाट प्रभावित परिवारलाई सहयोग पु¥याउने उद्देश्यले युवाहरूको टोली राहत सामग्री लिएर प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेका हुन्। विपद्को समयमा मानवीय सहयोग र सहकार्य आवश्यक रहेको भन्दै टोलीले सबै पक्षबाट साथ र सहयोगको अपेक्षा गरेको आम जनता पार्टी मधेश प्रदेशका युवा नेता बिकेश साहले बताएका छन्।
बाढीबाट प्रभावित परिवारको राहतका लागि पर्साको ठोरी गाउँपालिकाले ११ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । गाउँ कार्यपालिकाको बैठकले उक्त निर्णय गरेको हो।
ठोरी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिले एक महीनाको तलब तथा भत्ता बराबरको रकम, गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट र गाउँपालिकामा कार्यरत कर्मचारीबाट गरि ११ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरिएको गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले जानकारी दिए।

# मधेश सरकारसँग सहमति भएपछि...

परिमार्जनसँगै हरवा–चरवाको लगत संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणसम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा लैजाने सहमति पनि भएको छ । मन्त्रालयका शाखा अधिकृत सुनिल थापाका अनुसार निर्देशिका तयार भएपछि आवश्यक कानुनी तथा आर्थिक सहमति लिएर मन्त्रिपरिषद्मा पेश गरिनेछ।
मन्त्रिपरिषद्बाट निर्देशिका स्वीकृत भएपछि प्रदेश राजपत्रमा प्रकाशन गरी तत्काल कार्यान्वयनमा लैजाने निर्णय भएको छ । सहमति भएका विषयलाई कार्यान्वयनमा लैजान आवश्यक तयारी चाँडै अघि बढाइने मन्त्री श्यामप्रसाद पटेलले बताएका छन् । यसअघि तयार भई स्वीकृतिको प्रक्रियामा रहेको निर्देशिकालाई आवश्यक संशोधन गर्न छुट्टै परिमार्जन समिति गठन गरिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका कृषि प्रसार अधिकृत अविनाशकुमार झाको संयोजकत्वमा गठित समितिमा कानुन अधिकृत सृजना यादव, शाखा अधिकृत सुनिल थापा तथा हरवा–चरवा संघर्ष समितिका प्रतिनिधि लगिन्द्र सदा, राजवंती मण्डल, ब्रह्मदेव राम र बालाराम भट्टराई सदस्य छन्। समितिलाई कार्यविभाजन नियमावली परिमार्जन भएको सात दिनभित्र निर्देशिका संशोधनको काम पूरा गर्ने जिम्मेवारी दिइएको छ। सरकारले हरवा–चरवाका माग सम्बोधन गर्न आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाएपछि संघर्ष समितिले आन्दोलन स्थगित गरेको हो । समितिको नेतृत्वमा सञ्चालन हुँदै आएको धर्नालगायतका सबै आन्दोलनका कार्यक्रम हाललाई रोक्ने निर्णय सर्वसम्मत रूपमा गरिएको जनाइएको छ।

# एक हजार ६८ शव फेला चार...

होल्डिङ सेन्टरमा राखिएको छ। नुवाकोटमा दुई हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौँमा ३२९ जना होल्डिङ सेन्टरमा छन्।
बाढीपछि उद्धार गरिएकामध्ये तीन हजार २१४ पुरुष, एक हजार ५३० महिला र पहिचान नखुलेका १४ जना रहेका छन् । बाढीपछि उद्धार कार्यलाई तीव्र बनाइए पनि अझै मानिस सम्पर्कविहीन रहेकाले खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बाढीमा परी मृत्यु भएका तथा फेला परेका शवको व्यवस्थापनसमेत भइरहेको छ । हालसम्म ५८ वटा शव सम्बन्धित परिवार तथा आफन्तलाई हस्तान्तरण गरिएको छ । प्रवक्ता काफ्लेका अनुसार शवको पहिचान तथा व्यवस्थापनको प्रक्रिया पनि सँगसँगै अघि बढाइएको छ।
सम्पर्कविहीनको विवरणमा दुई हजार ३१५ स्वदेशी पुरुष, ३६८ स्वदेशी महिला, २५१ विदेशी पुरुष, ३३० विदेशी महिला, अन्य दुई तथा फोनबाट टिपाइएका एक हजार ३४० गरी चार हजार ६०६ जना रहेका प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिए। बाढी प्रभावित क्षेत्रमा खोजी, उद्धार, शव व्यवस्थापन तथा सम्पर्कविहीनको विवरण सङ्कलनलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ। भोटेकोशीमा आएको आकस्मिक बाढीबाट रसुवासहित नुवाकोट, धादिङलगायत क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। बाढीपछि विभिन्न सुरक्षा निकाय, स्थानीय तह तथा अन्य सम्बन्धित निकायको समन्वयमा उद्धार, राहत तथा प्रभावितको व्यवस्थापन कार्य सञ्चालन भइरहेको छ।

## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

**बिरगंज- १५,पर्सा**

**डांक बढाबढद्वारा लिलामी बिक्रीको सुचना**

**प्रकाशितमिति :- २०८३/०५/१७**

**टेलिफोन नं.:-०५१५९१५३४,Gmail:-kohinoorsahakari@gmail.com**

तपशिलमा उल्लेखित सदस्यहरुले निम्न लिखित चल/अचल सम्पति धितो सुरक्षणमा राखी यस संस्थाबाट देहायबमोजिम कर्जा लिएकोमा म्यादभित्र कर्जा चुक्ता नगरी लिखित तरताकेता गर्दा पनि हालसम्ममा कर्जा चुक्तानगरेकाले अन्तिम पटक यो सुचना प्रकाशित गरिएको छ । तसर्थ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा साँवा रकमर सो चुक्ता गर्नुभन्दा अघिल्लो दिनसम्मको सम्पूर्ण ब्याज समेत चुक्तागर्न आउनु हुन सम्बन्धित ऋणीलाई र व्यक्तिगत वा धितो जमानी दिनुहुने व्यक्तिहरुलाई समेत आह्वान गरिन्छ । उल्लेखित ३५ दिनभित्र कर्जा चुक्ता नभएमा ३६औ दिन धितो सुरक्षणमा रहेको चल/अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मितिमा सार्वजनिक डांक बढाबढद्वारा लिलाम बिक्रि गरिने हुँदा लिलाममा डांक बढाबढ गरिलिन इच्छुक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै उपरोक्तानुसार डांक बढाबढद्वारा लिलाम बिक्रि हुन नसकेमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पति संस्थालाई उपयुक्त लागेमा संस्था आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : शकुन्तलादेवी यादव<br>पति : आनन्दप्रकाश यादव<br>बुवा : मंगल प्रसाद यादव<br>ससुरा : रामानन्द प्रसाद यादव<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री रामानन्द प्रसाद यादव को बुहारी आनन्द प्रकाश यादवको श्रीमति शकुन्तला देवी यादव बारा जिल्ला बहुअरी वडा नं. १ बस्ने ना.प्रा.न १९३८/१२५६ मिति २०५८/०६/०३ बारा बर्ष ४४ को शकुन्तला देवी यादवको नाममा एकलौटी दर्ता कायम भएको बारा र पर्सा जिल्ला बहुअरी र पचरुखी, बीरगंज वडा नं.१,९ र १,१६ स्थितका किता नं.७८२,४८७ र ३२९, ४३५, १०० को जग्गाको क्षेत्रफल ०-१४-७-८,०-४-१४-५ र १-३-०-०, १-०-०-०, १०१.५८ को घर जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : निर्मलादेवी<br>पति : शिवपुजन प्रसाद कानु<br>बुवा : बाबुलाल साह कानु<br>ससुरा : छोटेलाल साह कानु<br>**कर्जा शिर्षक :व्यपारकर्जा** | श्री छोटेलाल साहकानु को बुहारी शिवपुजन प्रसाद कानु को श्रीमती निर्मला देवी पर्सा जिल्ला झौवागुठी वडा नं. १ बस्ने ना.प्रा.न ४०८२२०११ मिति २०४३/१०/२६ पर्सा वर्ष ५५ को निर्मला देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बिरगंज वडा नं. १३ स्थितको किता नं. ४५८ को जग्गाको क्षेत्रफल १८६.२३ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : योगेन्द्र मिश्र<br>पत्नी : शान्तिदेवी मिश्र<br>बुवा : सिंगासन मिश्र<br>बाजे : हरिहर मिश्र<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री हरिहर मिश्र को नाती सिंगासन मिश्रको छोरा योगेन्द्र मिश्र पर्सा जिल्ला हरपतगंज वडा नं. ३ बस्ने ना.प्रा.न ३६६११४२१ मिति २०३३/११/२० पर्सा बर्ष ६८ को योगेन्द्र मिश्रको नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला हरपतगंज वडा नं. १ स्थितको किता नं. १९५ को जग्गाको क्षेत्रफल ०-६-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : मरछिया देवी<br>पति : राजदेव राउत कुर्मि<br>बुवा : भरत राउत कुर्मि<br>ससुरा : राम दरस राउत कुर्मि<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री राम दरस राउत कुर्मिको बुहारी राजदेव राउत कुर्मिको श्रीमती मरछिया देवी पर्सा जिल्ला बैरिया बिर्ता वडा न.८ बस्ने ना.प्रा.न. ३४३०१०/२६ मिति २०६३/१२/०८ पर्सा बर्ष ५३ को मरछिया देवीको नाममा एकलौटी दर्ता कायमभएको पर्सा जिल्ला बैरिया बिर्ता वडा नं. ८ र ९ स्थितको किता नं. ७१७ र ६७६ को जग्गाको क्षेत्रफल २९६.२९ र ३३८.६३ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

**लिलामीशर्तहरु :-**

१) लिलामीमा सबैभन्दा बढी बोलकवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकमनगदै वाबैंक जमानत धरौटी वापत त्यसै दिन यस संस्थामा बुझाउनु पर्नेछ ।

२) डांक बढाबढ गर्दा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिलाई सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

३) लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको १५ दिनभित्र बाँकी रकम बुझाई सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ । लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकमफिर्ता मागगर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन् ।

४) तपशिलमा उल्लेखित कर्जाहरुको लिलामी कार्य यो सूचना प्रकाशित भएको ३६औ दिनअर्थात मिति २०८३/०६/२१ का दिन यस संस्थामा दिनको २:०० बजे देखि ३:०० बजे सम्म यस संस्थाको कार्यालयमा हुनेछ । तोकिएको दिन लिलामी कार्य सम्पन्नहुन नसकेमा वा संस्थाविदा परेमा सोको लगतै संस्था खुलेको दिन सोही समयमा लिलाम कार्य हुनेछ ।

५) लिलाम बिक्रि हुने सम्पति हेर्न चाहाने वा लिलाम बिक्रि हुने सम्पति वापत ऋणीले तिर्न बुझाउन बाँकी रहेको रकमबारे जानकारी लिनचाहने व्यक्तिले यस संस्थाको कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वाजानकारी लिन सकिनेछ ।

६) डांक बढाबढको सुरुवात अचल सम्पतिको न्युनतम मूल्यबाट शुरु गरिने छ ।

७) डांक बढाबढको कार्य यस संस्थाको कार्यालयमा हुनेछ ।

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र व्यापारिक कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुनपुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिनधितो लिलाम बढाबढ भई बिक्रिको कार्य हुने भएकोले उक्तदिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्रि गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था सकार गरिलियो भनि कहिकतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्रि गर्दा पुर्न मुल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्था सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्री सम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गरिएको छ ।

## गैर बैकिंग अचल सम्पत्ति शिलबन्दि लिलाम बिक्री सम्बन्धी सात दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैकिंग अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोहि अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्धारा बिक्री गरिने हुदाँ उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरिन्छ ।

**तपसिल**

| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|
| पर्सा ,बर्वागोग ६<br>(हाल वीरगंज म.न.पा. वडा नं. १९) | १५ | ६०९.५१<br>(०-१-१६-०) |
| पर्सा, विरगंज उ.म.न.पा. वडा नं. १४<br>(हाल वीरगंज म.न.पा. वडा नं. ११) | ८८ | ४०२.०० |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११७ | १०१.५८ |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | ११८ | २२८.०३ |
| रामगढवा ०३ ,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं. २४) | २९० | ७३०.०० |
| प्रसौनि विर्ता ०२,पर्सा | २५२ | ००३३८.६३ |
| प्रसौनि विर्ता ०४,पर्सा | ६९<br>७१ | ०१३५.३०<br>००३४.०० |
| प्रसौनि विर्ता ०७,पर्सा | २८९ | ००९६.५० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १५४२ | ०-०-१० |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३४ | ०-४-११-१/४ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १०९७ | ०-९-२.५ |
| हरिवन वडा नं. ०८(ख) ,सर्लाही | १२३३ | ०-४-११.२५ |
| हरिवन वडा नं. ०८(क) ,सर्लाही | १० | ०-१९-५ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४४ | ०-१-७ |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ६४३ | ०-१-० |
| हरिपुर वडा नं. ०७(ख) ,सर्लाही | ९३७ | ०-१-३ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | २८० | ०-११-८ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८० | ०-५-११ |
| हरिपुर वडा नं. ०१(क) ,सर्लाही | ४८१ | ०-५-१० |
| हरिपुर वडा नं. ०६(क) ,सर्लाही | १९९ | ०-८-० |
| वि.उ.म.न.पा. वडा नं. १५,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं.१२) | २३ | ३२१.६० |
| लिपनिबिर्ता वडा नं.०६,पर्सा<br>(हाल वीरगंज म.न.पा. वडा नं.२१) | ५५ | ८८.७५ |
| फाखेल वडा नं. ०१ ,मकवानपुर | ३७ | १-५-०-०(रोपनी) |
| बनकटवा ०५,पर्सा | २२७ | ०-८-१०-० |
| बनकटवा ०५,पर्सा | २२१ | ०-६-१०-० |
| बनकटवा ०५ ,पर्सा | ६९ | ०-४-६-८ |
| बनकटवा ०५ ,पर्सा | १११ | ०-०-९-१२.५ |
| बनकटवा ०५ ,पर्सा | १०८ | ०-१-१७-८ |
| पोखरिया वडा नं ०९,पर्सा | ९३ | १२७० व.मि. |
| बसन्तपुर वडा नं ०६,पर्सा | २३५ | ०-०-७-४ |
| बसन्तपुर वडा नं. ०६,पर्सा | ४८९ | ०-२-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | २११ | ०-४-०-० |
| बसन्तपुर वडा नं. ०७,पर्सा | ६२६ | ०-२-२-८ |
| सखुवाप्रसौनी ०१,पर्सा | ३२ | २१२०.०० |
| धोरे ०२,पर्सा | ८१<br>११६<br>११८<br>१५० | ०-१-२-८<br>०-०-१०-०<br>०-०-५-०<br>०-०-७-८ |

**शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग बर्गको बैंक वा बित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफटको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५(पैतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७)कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ भाद्र २३ गते मंगलबार दिउँसो ४:०० बजे सम्म**

**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ भाद्र २४ गते बुधबार दिउँसो ४:०० बजे देखि (८औं दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन)**

**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर),बर्दिबास( महोत्तरी) ,बरहथवा (सर्लाही) ।

# भोटेकोशी बाढी सामना गर्न केन्द्रदेखि स्थानीय तहसम्म सर्वदलीय संयन्त्र बनाइने

**काठमाडौँ।**
भोटेकोशी बाढीबाट उत्पन्न विपद्को सामना गर्न केन्द्रमा गठन गरिएको उच्चस्तरीय राजनीतिक संयन्त्रको ढाँचामा बागमती प्रदेशदेखि बाढी प्रभावित जिल्ला र स्थानीय तहसम्म सर्वदलीय संयन्त्र गठन गरेर अघि बढ्ने सहमति भएको छ।

भोटेकोशी बाढीबाट भएको क्षति, बेपत्ताको खोजी, उद्धार, राहत तथा पुनःस्थापनाका विषयमा छलफल गर्न सिंहदरबारस्थित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलको कार्यालयमा आज बसेको सर्वदलीय बैठकले सरकारका तीनै तहले गरिरहेका कामलाई सहयोग र समन्वय गर्न प्रदेश, जिल्ला तथा स्थानीय तहमा सर्वदलीय संयन्त्र निर्माण गर्ने निर्णय गरेको हो।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै रास्वपाका प्रवक्ता जगदीश खरेलले केन्द्रमा रास्वपा सभापति रवि लामिछानेको अग्रसरतामा गठन गरिएको उच्चस्तरीय संयन्त्रजस्तै बागमती प्रदेश तथा बाढी प्रभावित जिल्ला र स्थानीय तहमा पनि सर्वदलीय बैठक र संयन्त्र गठन गरेर विपद्को सामना गर्ने सहमति भएको जानकारी दिए। उनले बैठकमा सहभागी सबै राजनीतिक दल यस विषयमा सहमत भएको उल्लेख गर्दै अब प्रभावित जिल्लाका स्थानीय तहमा सर्वदलीय संयन्त्र बनाएर काम गर्न केन्द्रीय तहबाट सहमति जुटेको बताए। उनका अनुसार केन्द्रदेखि प्रदेश, जिल्ला र स्थानीय तहसम्म बन्ने यस्ता संयन्त्रले उद्देश्य सङ्घ, प्रदेश र स्थानीय सरकार तथा सरकारी संरचनाले गरिरहेका उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका कामलाई सहयोग गर्नेछ।

रास्वपा प्रवक्ता खरेलले विपद् व्यवस्थापनलाई खोजी, उद्धार र राहतमा मात्र सीमित नराखी पुनःस्थापना, पुनःनिर्माण तथा दीर्घकालीन विपद् जोखिम न्यूनीकरणसम्म लैजान उच्चस्तरीय राजनीतिक संयन्त्रको आवश्यक औँल्याए।

राजनीतिक सहमति, तीनै तहका सरकारबीच समन्वय र प्रभावित समुदायसँग राष्ट्रिय एकता कायम गर्न पनि यस्तो संयन्त्र दीर्घकालीन रूपमा आवश्यक रहेको उनको भनाइ थियो । उनले पहिलो सर्वदलीय बैठकले गरेका १० वटा निर्णयको कार्यप्रगतिको पनि दोस्रो बैठकमा समीक्षा गरिएको जानकारी दिए। राजनीतिक दलले खोजी, उद्धार र राहतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुका साथै भएका प्रयासप्रति धन्यवाद व्यक्त गरेको र आगामी कामका लागि थप सुझावसमेत दिएको उनले बताए।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले अहिले सरकारको सबैभन्दा पहिलो प्राथमिकता प्रभावितको उद्धार हुनुपर्ने बताए। त्यसपछि राहत र पुनःनिर्माणका काम अघि बढाउनुपर्ने उनको भनाइ थियो।

उनले विशेषगरी सुरुङभित्र फसेकाको उद्धारलाई तत्काल प्राथमिकतामा राख्नुपर्ने बताउँदै आवश्यक प्राविधिक क्षमता नभएको अवस्थामा अन्तरराष्ट्रिय विज्ञको सहयोग लिन सरकार ढिलाइ गर्न नहुने धारणा राखे। उनले केन्द्रमा गठन गरिएको जस्तै सर्वदलीय संयन्त्र प्रदेश र स्थानीय तहमा पनि निर्माण गरेर उद्धार, राहत र पुनस्थापनाका कामलाई सङ्गठित र प्रभावकारी बनाउनुपनमा बैठकले जोड दिएको बताए।

नेकपा (एमाले)का नेता प्रदीप ज्ञवालीले विपद् व्यवस्थापनमा राजनीतिक दल, स्थानीय तथा प्रदेश सरकार र अन्तरराष्ट्रिय समुदायसँग थप प्रभावकारी समन्वय आवश्यक रहेको बताए। उनले समन्वयको अभावमा राहत सामग्री एक ठाउँमा थुप्रिने र वास्तविक पीडितसम्म नपुग्ने अवस्था देखिएको उल्लेख गर्दै राहत वितरणलाई व्यवस्थित बनाउन सुझाव दिए।

नेता ज्ञवालीले विशेषगरी सुरुङ उद्धारको विषयमा सरकारले समयमै आवश्यक प्राविधिक सहयोग जुटाउनुपर्ने धारणा राखे । विपद्लाई जलवायु परिवर्तनसँग जोडेर अन्तरराष्ट्रिय समुदायसमक्ष जलवायु न्यायको मुद्दा प्रभावकारी रूपमा उठाउनुपर्ने उनको भनाइ थियो। उनले पालिका तहमा स्थानीय तहका प्रमुख र प्रदेश तहमा मुख्यमन्त्रीको संयोजकत्वमा सर्वदलीय संयन्त्र बनाएर विपद् व्यवस्थापनका कामलाई समन्वयात्मक रूपमा अघि बढाउनुपर्नेमा जोड दिए।

नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का नेता वर्षमान पुनले बैठकमा विपद् कुनै पार्टी वा सरकारको मात्र समस्या नभई समग्र देशको समस्या भएकाले सबै तहमा संयन्त्र बनाएर मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको जानकारी दिए। उनले सङ्घ, प्रदेश र स्थानीय सरकारसँगै निजी क्षेत्रलाई पनि विपद् व्यवस्थापनमा जोड्नुपर्नेमा जोड दिए। राहत वितरण न्यायोचित ढङ्गले वास्तविक आवश्यकता भएका स्थानमा पुग्नुपर्ने र पुनःस्थापनाका कामलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराइएको उनको भनाइ थियो।

यस्तै, राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले विपद्को समयमा सबै राजनीतिक शक्ति एकजुट भएर सरकारलाई साथ दिनुपर्ने निष्कर्ष बैठकले निकालेको बताए। उनले नेपालले अत्यन्त कम कार्बन उत्सर्जन गरे पनि औद्योगिक राष्ट्रबाट उत्सर्जित कार्बनका कारण सिर्जित जलवायु परिवर्तनको असर नेपालले भोगिरहेको बताउँदै जलवायुजन्य क्षतिको क्षतिपूर्तिका लागि अन्तरराष्ट्रिय स्तरमा पहल गर्नुपर्ने धारणा राखे।

बैठकमा सहभागी दलका प्रतिनिधिले बैठकमा सुरुङमा फसेकाको उद्धारदेखि राहत वितरण र सरकारका तीनै तहबीच आवश्यक समन्वयका विषयमा छलफल भएको जानकारी दिए। उक्त बैठकमा रास्वपाका महामन्त्री विपिनकुमार आचार्यलगायत विभिन्न राजनीतिक दलका दोस्रो तहका नेताको उपस्थिति रहेको थियो। रासस

# लक्ष्मीनियाँ गाउँपालिकाले करिब ३० लाख सहयोग गर्ने

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनाका लागि धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाले २९ लाख ६५ हजार ५८२ रुपैयाँ सहयोग गर्ने भएको छ।



मंगलबार बसेको गाउँ कार्यपालिकाको बैठकले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो।

गाउँपालिकाका अनुसार कुल सहयोग रकममध्ये पालिकाको तर्फबाट ११ लाख ११ हजार १११ रुपैयाँ छुट्याइएको छ । त्यस्तै, गाउँपालिकाका जनप्रतिनिधिबाट ५ लाख २३ हजार ५०० रुपैयाँ, कर्मचारीबाट ५ लाख ४६ हजार ७९९ रुपैयाँ तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीबाट ७ लाख ८४ हजार १७२ रुपैयाँ संकलन गरिएको छ।

गाउँपालिकाले भदौ १० गते तिब्बत–नेपाल सीमा क्षेत्रबाट भोटेकोशी नदी हुँदै आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गरेको छ।

विज्ञप्तिमार्फत बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारप्रति समवेदना व्यक्त गरिएको छ। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित नागरिकको उद्धार, सुरक्षित पुनःस्थापना र जनजीवन सामान्य बनाउन आवश्यक सहयोगका लागि गाउँपालिकाले आग्रह गरेको छ ।राष्ट्रिय विपद्को समयमा प्रभावित नागरिकलाई सहयोग गर्नु सबैको साझा मानवीय दायित्व भएको उल्लेख गर्दै गाउँपालिकाले सहानुभूति व्यक्त गरेर मात्र नरोकिन आग्रह गरेको छ । राहत तथा पुनःस्थापनाको काममा सहयोग, समन्वय, सहकार्य र ऐक्यबद्धताका साथ सहभागी हुन पनि सबै पक्षलाई आह्वान गरिएको छ।

गाउँपालिकाका अनुसार जनप्रतिनिधि तथा संस्थागत सहयोगबाहेक कर्मचारी र शिक्षक–कर्मचारीले आफ्नो निश्चित दिनको तलब योगदान गरेका हुन् । अधिकृतस्तरका कर्मचारीले एक दिन, सहायकस्तरका कर्मचारीले पाँच दिन र श्रेणीविहीन सहयोगीस्तरका कर्मचारीले दुई दिनको तलब दिएका छन्।

त्यसैगरी, माध्यमिक तहका शिक्षकले सात दिन, आधारभूत तहका शिक्षकले पाँच दिन तथा सहयोगी कार्यकर्ता र कर्मचारीले दुई दिन बराबरको तलब विपद् राहतका लागि योगदान गरेको गाउँपालिकाले जनाएको छ।

# घर भत्काइएपछि टेलिकमको आपत्ति



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित नेपाल टेलिकमको दूरसञ्चार कार्यालय भवन अदालतको आदेशविपरीत भत्काइएको भन्दै नेपाल टेलिकमले आपत्ति जनाएको छ । नेपाल टेलिकमले उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले जारी गरेको अल्पकालीन अन्तरिम आदेश बेवास्ता गर्दै सडक डिभिजन कार्यालय हेटौँडाले भवन भत्काएको जनाएको हो । नेपाल टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले सडक डिभिजन कार्यालय हेटौँडा र जिल्ला प्रशासन कार्यालय पर्सालगायतलाई विपक्षी बनाई साउन २८ गते रिट निवेदन दायर गर्नुभएको थियो। त्यसपछि अदालतले साउन २९ गते वीरगंजको मुख्य सडक विस्तारसम्बन्धी काम तत्काल नगर्न÷नगराउन अल्पकालीन अन्तरिम आदेश दिएको टेलिकमले जनाएको छ । तर, अदालतको आदेशपछि पनि साउन ३० र ३१ गते दुईवटा एक्स्काभेटर प्रयोग गरी घण्टाघरनजिक रहेको दूरसञ्चार कार्यालयको भवन भत्काइएको टेलिकमको दाबी छ।

भवन नापी विभागले तय गरेको नक्सांकनभन्दा फरक ढंगले भत्काइएको पनि टेलिकमले जनाएको छ । अदालतले अन्तरिम आदेशका विषयमा थप छलफलका लागि भदौ ४ गते पेसी तोकेको थियो । नेपाल टेलिकमले स्वीकृत मापदण्डभित्र रहेर भवन पुनर्निर्माण गर्न आफू प्रतिबद्ध रहेको जनाउँदै आगामी दिनमा सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्यको अपेक्षा गरेको छ।

# सर्लाहीमा १० वर्षीया बालिका तीन दिनदेखि बेपत्ता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्लाहीको धनकौल गाउँपालिका–३ हरकठवाकी १० वर्षीया चाँदकुमारी यादव तीन दिनदेखि बेपत्ता भएकी छन् । रामविनय यादवकी छोरी चाँद आइतबार बिहानदेखि परिवारको सम्पर्कमा नआएपछि उनको खोजी तीव्र पारिएको छ।

बालिकाको खोजीका लागि इलाका प्रहरी कार्यालय बरहथवाका डीएसपी गोपीकृष्ण सुवेदीको नेतृत्वमा प्रहरी टोली परिचालन गरिएको छ। आइतबार साँझदेखि प्रहरी, आफन्त तथा स्थानीयवासीले सम्भावित स्थानमा खोजी गरिरहेका छन्।

परिवारका अनुसार आइतबार बिहान करिब ११ बजे आमा मञ्जु देवी घाँस लिएर घर फर्किएकी थिइन्। त्यस क्रममा चाँद आफूले काटेर राखेको घाँस लिन खेततर्फ गएको थाहा पाएपछि उनी पनि खेतमा पुगेकी थिइन्। तर, खेतमा पुग्दा छोरी त्यहाँ भेटिनन्।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी वेदप्रसाद गौतमले बालिकाको खोजी कार्य जारी रहेको बताएका छन्।

चाँद धनकौल बजारस्थित सरकारी विद्यालयमा कक्षा ३ मा अध्ययनरत थिइन् । उनी रामविनय र मञ्जुका चार सन्तानमध्ये जेठी छोरी हुन्।

आमा मञ्जु देवीले गाउँमा कसैसँग पारिवारिक विवाद नरहेको बताउँदै छोरीलाई कसैले मोटरसाइकलमा लगेको वा अन्य कुनै अप्रिय घटना भएको हुनसक्ने आशंका व्यक्त गरेकी छन्। प्रहरीले भने घटनाका सबै सम्भावित पक्षलाई ध्यानमा राखेर बालिकाको खोजी गरिरहेको जनाएको छ।

# नगराईनमा कुपोषणको अवस्था चिन्ताजनक

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको नगराईन नगरपालिकामा गरिएको कुपोषण सर्वेक्षणले बालबालिकामा पोषणको अवस्था अझै चुनौतीपूर्ण रहेको देखाएको छ। नगरपालिकाका विभिन्न वडामध्ये वडा नम्बर २ मा कुपोषित बालबालिकाको अवस्था तुलनात्मक रूपमा बढी पाइएको हो।




नगरपालिकाले वैशाख २० देखि ३० गतेसम्म सञ्चालन गरेको सर्वेक्षणमा ५ सय ४६ जना लक्षित बालबालिकामध्ये ३ सय ४३ जनाको तौल तथा पोषण अवस्थाको परीक्षण गरिएको थियो। परीक्षणका क्रममा १३ जना बालबालिका गम्भीर कुपोषण र ४६ जना मध्यम कुपोषणको अवस्थामा रहेको पाइएको छ।

सर्वेक्षणअनुसार परीक्षण गरिएका बालबालिकामध्ये गम्भीर कुपोषणको दर ३ दशमलव ७९ प्रतिशत र मध्यम कुपोषणको दर ९ दशमलव ६२ प्रतिशत देखिएको छ। बालबालिकाको उमेरअनुसार उचाइ र तौलको अवस्थासमेत मूल्यांकन गरिएको थियो।

सर्वेक्षणले वडा नम्बर २ मा अन्य वडाको तुलनामा कुपोषित बालबालिकाको संख्या बढी रहेको देखाएको छ । कुपोषणको अवस्थाका पछाडि अभिभावकको पर्याप्त ध्यान नपुग्नुका साथै सरकारले उपलब्ध गराउँदै आएको पोषण भत्ताको प्रभावकारी उपयोग हुन नसक्नुलाई पनि कारणका रूपमा औँल्याइएको छ।

नगराईनका स्थानीय प्रदीपकुमार चौधरीले बालबालिकाका लागि प्राप्त हुने पोषण भत्ता अन्य प्रयोजनमा खर्च नगरी उनीहरूको स्वास्थ्य र पोषण सुधारमै उपयोग गर्नुपर्ने बताएका छन् । उनले अभिभावकलाई पोषण भत्ताको सही सदुपयोग गर्दै बालबालिकालाई पोषणयुक्त खाना उपलब्ध गराउन आग्रह गरेका छन्।

बालबालिकामा देखिएको कुपोषण न्यूनीकरणका लागि परिवारसँगै स्थानीय सरकार र सरोकारवाला निकायको सक्रिय भूमिका आवश्यक देखिएको छ । कुपोषित बालबालिकाको समयमै पहिचान, उपचार तथा पोषणसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकाले थप पहल गर्नुपर्ने देखिन्छ।

# उद्योगी अनमोल साहविरुद्ध पक्राउ पुर्जी

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका उद्योगी अनमोल साहविरुद्ध पर्सा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको छ। ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दामा अदालतले साहलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन आदेश दिएको हो । वीरगंज महानगरपालिका–१७ निवासी सुनिता देवीको जाहेरीका आधारमा नेपाल सरकार वादी रहेको ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दामा अदालतले अनमोल साहविरुद्ध पक्राउ आदेश जारी गरेको जनाइएको छ । जाहेरीअनुसार, जाहेरवालाको नाममा रहेको पर्सा जिल्लाको साविक बहुअर्वाभाठा गाविस–९ स्थित जग्गा तथा शिवलोक खाद्य उद्योगसमेत खरिद गर्ने भन्दै अनमोल साहले मूल्य तय गरी विभिन्न प्रलोभन देखाएर बिक्रीसम्बन्धी कागजमा हस्ताक्षर तथा औँठाछाप गराएको आरोप छ । सोही विषयलाई लिएर जाहेरवालाले पर्सा जिल्ला अदालतमा मुद्दा दर्ता गराएकी थिइन्।

मुद्दामाथि सुनुवाइ गर्दै पर्सा जिल्ला अदालतले गत साउन २६ गते अनमोल साहलाई पक्राउ गरी अदालतमा उपस्थित गराउन आदेश दिएको बताइएको छ । अदालतको आदेशपछि साहलाई पक्राउ गर्न प्रहरीले प्रक्रिया अघि बढाएको जनाइएको छ।

# कर्मचारीको पालिकामा धर्ना




**मधेशदृष्टि**
**रौतहट।**
गढीमाई नगरपालिकामा कार्यरत करार कर्मचारीहरूले लामो समयदेखि बाँकी रहेको तलब तथा भत्ता भुक्तानीको माग गर्दै नगरपालिका कार्यालय परिसरमा शान्तिपूर्ण धर्ना दिएका छन्। करार कर्मचारीहरूले आर्थिक वर्ष २०७९/८० देखि आर्थिक वर्ष २०८२/८३ सम्मको बाँकी तलब तथा भत्ता तत्काल एकमुष्ट भुक्तानी गर्न माग गरेका छन्।

लामो समयदेखि पारिश्रमिक नपाउँदा दैनिक जीवनयापनमा समस्या भएको भन्दै नगरपालिकाको ध्यानाकर्षण गराउन धर्ना कार्यक्रम आयोजना गरिएको उनीहरूले बताएका छन्।

धर्नामा बसेका कर्मचारीहरूले माग सम्बोधन नभए नगरपालिकाअन्तर्गतका वडा कार्यालयहरू समेत बन्द गरी आन्दोलनलाई थप निरन्तरता दिने चेतावनीसमेत दिएका छन्। करार कर्मचारीको धर्नाका कारण नगरपालिकाको नियमित कामकाज प्रभावित भएको छ।

# सरसफाइको विषयमा विवाद हुँदा प्रधानाध्यापक कुटिए, विद्यालयमा तोडफोड

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्लाहीको बलरा नगरपालिका–४ स्थित श्री रामसखी मोहित सिंह जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक वीरेन्द्र झामाथि विद्यार्थीहरूले विद्यालय परिसरमै कुटपिट गरेका छन् । घटनामा प्रधानाध्यापक झा घाइते भएका छन् भने उनले प्रयोग गर्ने जिपमा समेत तोडफोड भएको छ।



विद्यालय परिसर सरसफाइका लागि प्रधानाध्यापक झाले विद्यार्थीलाई आग्रह गरेपछि विवाद सुरु भएको विद्यालयमा कार्यरत एक शिक्षकले बताएका छन्। विद्यार्थीले निर्देशन पालना नगरेपछि प्रधानाध्यापक झाले उनीहरूलाई अपशब्द प्रयोग गर्दै गाली गरेको र त्यसपछि विवाद बढेको ती शिक्षकको भनाइ छ।

विवाद चर्किएपछि आक्रोशित विद्यार्थीहरूले प्रधानाध्यापक झामाथि हातपात गरेका थिए । विद्यार्थीहरूले उनको जिपमा समेत क्षति पु¥याएका छन्।

घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय बलरा र सशस्त्र प्रहरी बल मधुवनी बेसबाट सुरक्षाकर्मीको टोली विद्यालय पुगेको थियो । सुरक्षाकर्मीले प्रधानाध्यापक झालाई विद्यालय परिसरबाट सुरक्षित रूपमा बाहिर निकालेका थिए।

कुटपिटबाट घाइते भएका झाको प्रादेशिक अस्पताल मलंगवामा उपचार भइरहेको छ।

स्थानीयका अनुसार प्रधानाध्यापक झा यसअघि पनि विद्यालयसँग सम्बन्धित विभिन्न विवादमा मुछिँदै आएका थिए । केही समयअघि विद्यालयको रंगरोगनका लागि ल्याइएको पेन्ट निजी गाडीमा राखेर लैजाँदै गरेको अवस्थामा विद्यार्थी तथा अभिभावकले उनलाई नियन्त्रणमा लिएको स्थानीयको भनाइ छ।

प्रधानाध्यापकमाथि भएको कुटपिटको घटनाप्रति बलरा नगरपालिकाले गम्भीर ध्यानाकर्षण जनाएको छ । घटनाको वास्तविक कारण पत्ता लगाउन नगर शिक्षा समितिको नेतृत्वमा छानबिन टोली गठन गरिने नगरपालिकाका शिक्षा शाखा प्रमुख सितेश यादवले जानकारी दिएका छन्।

नगरप्रमुख रामाशंकर कुशवाहाले विद्यालयलाई शान्ति क्षेत्रका रूपमा कायम राख्न सबै पक्षलाई आग्रह गरेका छन्।

उनले विद्यालयको शैक्षिक वातावरण र शान्ति–सुरक्षामा असर पर्ने कुनै पनि गतिविधि नगर्नसमेत अपिल गरेका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन